# स्थानीय तहका जनप्रतिनिधि,कर्मचारी,समुदाय,समुहका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

कार्यक्रम सञ्चालन मिति : २०७८ असोज १८

थाहा नगरपालिका, मकवानपुर


<u>प्रतिवेदक :</u>

शाखा अधिकृत डिल्ली राम भट्ट

राष्ट्रिय सूचना आयोग

१. **कार्यक्रमको नाम** : स्थानीय तहका जनप्रतिनिधि,कर्मचारी,समुदाय,समुहका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

२. **मितिः** २०७८ असोज १८

३. **समयः** विहान ११ देखि

४. **स्थानः** जेसिस हलमां मकवानपुर

५ **कार्यक्रम सत्रः** १ वटा ( कार्यपत्र सत्र)

६. **आयोजकः** राष्ट्रिय सूचना आयोग

७. **प्रमुख अतिथिः** थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्ट

८. **अतिथिः** थाहा नगरपालिकाका उपमेयर खड्ग वहादुर गोपाली

९. **कार्यक्रमका अध्यक्षः** राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री कमला ओली

१०. **कार्यपत्र प्रस्तुतकर्ता :**

क) राष्ट्रिय सूचना आयोगका सचिव श्री भागिरथ पाण्डेय

११. **कार्यक्रम सञ्चालक :** राष्ट्रिय सूचना आयोगका शाखा अधिकृत डिल्ली राम भट्ट

**१२. मन्तव्यः**

**क) समापन मन्तव्य : राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री कमला ओली**

उक्त कार्यक्रममा आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले सहि सत्य तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायले कन्जुस्याँई नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचना दाता बीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । उक्त कार्यक्रममा सहभागीका तर्फबाट उठाइएका प्रश्नको जवाफ दिई सूचना आयुक्त श्री कमला ओलीले कार्यक्रमको समापन गर्नु भएको थियो ।

**ख) मन्तव्य**

उक्त कार्यक्रममा मन्तव्य राख्दै थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले सूचनाको हक कार्यान्वयनमा थाहा नगरपालिका अगाडी रहेको र सँधै यो विषयलाई अग्रपंक्तिमा राखेर काम गरेको पनि बताउनु भयो ।

**ग) मन्तव्य : थाहा नगरपालिकाका उपमेयर खड्ग बहादुर गोपाली**

उक्त कार्यक्रममा मन्तव्य राख्दै थाहा नगरपालिकाका उपमेयर खड्ग बहादुर गोपालीले सूचनाको हक कार्यान्वयनमा नगरपालिकाका क्रियाशिल रहेको विचार व्यक्त गर्नु भएको थियो ।

**घ) कार्यपत्र प्रस्तुती : राष्ट्रिय सूचना आयोगका सचिव श्री भागिरथ पाण्डेय**

उक्त कार्यक्रममा सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३० वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६० वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १०० वमोजिम

सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**ङ) स्वागत मन्तव्य**

उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी , निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले जनप्रतिनिधि ,कार्यालय प्रमुख ,सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो ।

**१३. कार्यक्रमबाट उपलब्धीः**

स्थानीय तहका जनप्रतिनिधि,कर्मचारी,समुदाय,समुहलाई सूचनाको हकका विषयमा जानकारी भई सूचना माग्ने र दिने संस्कृतीको विकास हुन गई सुशासन कायम गर्न मद्दत पुग्ने ।

**१४ .विनियोजित रकम** : २ लाख (कार्यक्रम खर्चःपेश्की फछ्र्यौट हुन बाँकी रहेको)

**१५.सहभागि संख्याः** ६६

## १६.सहभागि विवरणः

| | जनप्रतिनिधि | कार्यालय प्रमुख | सूचना अधिकारी | अभियन्ता | सञ्चारकर्मी | समूह प्रतिनिधि | सर्वसाधारण | कर्मचारी र अन्य | कूल संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| महिला | १ | – | – | १ | – | – | – | ५ | **७** |
| पुरुष | १३ | – | १ | – | ४ | – | – | ४१ | **५९** |

## कार्यक्रमका तस्विरहरु






**प्रतिवेदक**

हस्ताक्षर

नामः डिल्ली राम भट्ट

पदः शाखा अधिकृत

मितिः२०७८ कार्तिक ५